का.जि.प्र.का.द.नं. १००/०५९/६०
५ माघ २०८०,
शुक्रबार
19 January 2024,
Friday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक
ईपेपर हेर्नु

वर्ष २१, अंक ३४५ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# अधैर्य ओली



छोटो, ३ दिनको तयारीमा राष्ट्रिय आन्दोलनमा उत्रिन पर्ने हुन सक्छ । उनीहरुले हामीमाथि जस्तोसुकै प्रहार गर्न सक्छन् । त्यस्तोमा पार्टीले सिठी बजाउँदा आन्दोलनमा पुग्ने गरी तयार रहनुस् ।

**केपी शर्मा ओली**
**अध्यक्ष, एमाले**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ४ माघ ।

विपक्षी दलले सरकार र सत्तारुढ दलहरुको आलोचना गर्नु स्वभाविक हो । तर, एमाले अध्यक्ष केपी शर्मा ओलीले बिहीबार पार्टी निकट खेलकुद संगठनको कार्यक्रमलाई सम्बोधन गर्नेक्रममा सरकार र सत्तारुढ दलको आलोचना मात्रै गरेनन् ।

मध्यावधि चुनाव हुन सक्ने बताए । सत्तारुढ गठबन्धन भत्याउन पर्यास गर्ने र गर्नुपर्ने बताए साथै, सरकारविरुद्ध आन्दोलन गर्न आवश्यक हुन सक्ने भन्दै तयार रहन पार्टीका नेता/कार्यकर्तालाई निर्देश गरे ।

वर्तमान सत्ता गठबन्धन भत्काउन र चुनावका लागि मिसन-८४ नकुर्ने एमाले अध्यक्ष ओलीको घोषणा छ । देशलाई बरबाद हुनबाट जोगाउन वर्तमान सत्ता गठबन्धन भत्काउन जरुरी रहेको उनको भनाइ छ । गठबन्धन भत्काउन सम्भव नभए मध्यावधिका लागि तयार रहनुपर्ने र त्यो पनि सम्भव नभए सरकारविरुद्ध आन्दोलन गर्नुपर्ने भन्दै एमाले अध्यक्ष ओलीले सबै विकल्पका लागि तयार रहन पार्टी पंक्तिलाई सार्वजनिक रुपमै निर्देशित गरेका हुन् ।

अध्यक्ष ओलीले भनेका छन्, 'छोटो, ३ दिनको तयारीमा राष्ट्रिय आन्दोलनमा उत्रिन पर्ने हुन सक्छ । उनीहरुले हामीमाथि जस्तोसुकै प्रहार गर्न सक्छन् । त्यस्तोमा पार्टीले सिठी बजाउँदा आन्दोलनमा पुग्ने गरी तयार रहनुस् ।'

४ मंसिर २०७९ मा भएको निर्वाचनबाट एमाले संसद्को दोस्रो ठुलो दल बनेको थियो ।

उक्त निर्वाचनपछि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री बनेको गत पुस १० गते एक वर्ष मात्र भएको छ ।

वर्तमान सत्ता गठबन्धनको पक्षमा हालसम्म स्पष्ट बहुमत भएकाले संसदीय गणितमा एमालेले सरकार हटाउन सक्ने अवस्था छैन । सोही कुरा बुझेर एमालेले घोषित रुपमै सत्ता गठबन्धनमा रहेका दलहरुलाई आफूतिर तान्ने भगीरथ प्रयत्न गर्दै आएपनि सफल हुन सकेको छैन ।

कहिले कांग्रेसको शेखर कोइराला समूहलाई प्रधानमन्त्रीको आस देखाउने त कहिले रास्वपा सभापति रवि लामिछानेलाई अगाडि सार्दै गठबन्धन कमजोर पार्ने प्रयत्नमा लागेको एमालेले हरेक पर्यासमा असफल छ । आगामी माघ ११ गते हुने राष्ट्रियसभा सदस्य निर्वाचनमा सत्तागठबन्धनसँगै सहकार्य गर्ने प्रस्ताव समेत सफल हुन सकेन । यही बेला एमाले अध्यक्ष ओलीले आफ्नो अधैर्यता प्रकट गरेका हुन् ।

सरकार बन्नै नसक्ने विशेष परि स्थितिबाहेक पाँच/पाँच वर्षमा आवधिक निर्वाचन हुने संवैधानिक व्यवस्था छ । तर, एमाले अध्यक्ष ओली पटक-पटक मध्यावधि निर्वाचनको चर्चा गरिरहेका छन् । समिकरण मिलाएर सरकार बनाउने वा प्रतिपक्षमा रहेर सरकारको कामकारबाहीमाथि खबरदारी गर्ने मुख्य जिम्मेवारी दोस्रो ठूलो दलको हो । तर, सरकार बाहिर रहने धैर्यता नरहेको स्वयम एमाले अध्यक्ष ओलीले अभिव्यक्त गरिरहेको नेताहरु बताउँछन् ।

पछिल्लो समय सत्तागठबन्धनमा रहेको एकीकृत समाजवादीले आफ्नो असन्तुष्टि सार्वजनिक गरिरहेको छ । जनता समाजवादी पार्टी पनि वर्तमान गठबन्धनको विकल्प तयार भए त्यतै जान तयार

पृष्ठ २ मा



संसदको दोस्रो दलले भूमिका संसदबाटै देखाउनुपर्छ । अन्यथा बाहिर आन्दोलन गर्छु भन्नु सरकारमा नरहनुको अधैर्यताको विषय मात्रै देखिन जान्छ ।

**झलक सुवेदी**
**राजनीतिक विश्लेषक**

समीकरण मिलाएर सरकार बनाउने वा प्रतिपक्षमा रहेर सरकारको कामकारबाहीमाथि खबरदारी गर्ने मुख्य जिम्मेवारी दोस्रो ठूलो दल एमालेको हो । तर सरकार बाहिर रहने धैर्यता नरहेको स्वयं एमाले अध्यक्ष ओलीले अभिव्यक्त गरिरहेको नेताहरु बताउँछन् ।

# टेरामक्स खरिदमा भ्रष्टाचारको आशंका

अख्तियार दुरुपयोग अनुसन्धान आयोगलेसमेत अनुसन्धान गरिरहेको टेरामक्स प्रविधि खरिदमा भ्रष्टाचार भएको आशंका संसदीय समितिले गरेको हो । यस सम्बन्धमा संसदका विभिन्न समितिले छुट्टाछुट्टै छलफल गरिरहेका छन् ।



**आरके डिसी/मध्यान्ह**
काठमाडौं, ४ माघ ।

सांसदहरुले टेरामक्स प्रविधि खरिदमा भ्रष्टाचार भएको आशंका गरेका छन् । यही आशंकासहित बिहीबार प्रतिनिधि सभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठकमा छलफल भएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले समेत अनुसन्धान गरिरहेको टेरामक्स प्रविधि खरिदमा भ्रष्टाचार भएको आशंका संसदीय समितिले गरेको हो । यस सम्बन्धमा संसदका बिभिन्न समितिले छुट्टाछुट्टै छलफल गरिरहेका छन् ।

बिहीबारको छलफलमा सांसदहरुले सुरुवात देखिको प्रक्रियामै आशंका गरे । संचार तथा सूचना प्रविधिमन्त्रालयका मन्त्रालयका सहसचिव गौरव गिरीका अनुसार २०७० को दशकमा नेपालमा कल बाइपास गरेर राजस्व छल्ने प्रवृत्ति व्याप्त भएको भनी तत्कालीन सरकारले टेरामक्सका सम्बन्धमा अध्ययन प्रक्रिया अगाडि बढाएको थियो । २०७२ सालमा टेरामक्स प्रविधिको मेसिन खरिद प्रक्रिया अगाडि बढाएको थियो । तर, हालसम्म यो प्रविधि प्रयोगमा आउन सकेको छैन् ।

एमालेका सांसद प्रभु हजाराले टेरामक्स खरिद प्रक्रियामा संलग्न रहेका भनी विभिन्न व्यक्तिहरुको नामै लिएर कारबाहीको सिफारिसका लागि समिति तयार हुनुपर्ने बताए । लेवनानको कम्पनीसँग खरिद गरिनु अर्को आशंका भएको उनी बताउँछन् 'लेवनानी कम्पनीसँग सम्झौता गरिएको छ । संयुक्त राष्ट्रसंघले आर्थिक प्रतिवन्ध लगाएको देशसँग यो सम्झौता किन गरियो ?' उनले भने ।

शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति भानुभक्त जोशीले पनि भ्रष्टाचारको आशंका रहेको बताए । उनी भन्छन्, 'टेरामक्समा भ्रष्टाचार भएकै जस्तो आशंका गर्ने ठाउँहरु छन् । आवश्यक कागजात मगाएर निष्कर्षमा पुग्छौं ।'

छलफलपछि समितिले टेरामक्स प्रविधिको आवश्यकता र औचित्यका बारेमा एक साताभित्र स्पष्ट दृष्टिकोण पेश गर्न सञ्चार मन्त्रालयलाई निर्देशन दिएको छ । समितिले छ वर्षअघि टेरामक्स प्रविधि खरिद गर्ने निर्णय गर्दाको अवस्था र अहिलेको परि स्थितिबारे स्पष्ट दृष्टिकोण पेश गर्न निर्देशन दिएको हो ।

बैठकमा मन्त्रालयका प्रतिनिधिहरुले त्यतिबेला ठूलो मात्रामा कल बाइपासबाट राजस्व चुहावट हुने भएकाले अनुगमनका लागि टेरामक्स प्रविधि आवश्यक परेको देखिए पनि अहिले भने इन्टरनेट र त्यसमा आधारित भएर हुने अडियो तथा भिडियो कलका कारण कल बाइपास घटेकाले टेरामक्स प्रविधि स्थापना जरुरी नभएको प्रतिक्रिया दिएका थिए ।

विभिन्न टेलिकम कम्पनीहरुले अनुगमनका क्रममा आन्तरिक रुपमा नै टेरामक्स प्रविधि जडान गरेकाले पनि प्राधिकरणले छुट्टै रुपमा टेरामक्स खरिद र जडान गर्न आवश्यक नहुने उनीहरुको भनाइ थियो । यही प्रतिक्रियापछि संसदीय समितिले त्यतिबेलाको

पृष्ठ २ मा



टेरामक्समा भ्रष्टाचार भएकै जस्तो आशंका गर्ने ठाउँहरु छन् । आवश्यक कागजात मगाएर निष्कर्षमा पुग्छौं ।

**भानुभक्त जोशी**
**सभापति, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति**

## वैदेशिक रोजगार विशेष

# बोर्डमा तालाबन्दी गर्ने संघको चेतावनी

## व्यवसायी र महासंघलाई समय दिएर कार्यकारी निर्देशक उप्रेती बेपत्ता

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ माघ

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ र नेपाल ट्रेड युनियन महासंघले कल्याणकारी कार्यका नाममा नेपाली कामदारबाट ४५ अमेरिकी डलर उठाउन मलेसियाको निजी कम्पनी (एफडब्लुडब्लुएमसी)सँग बैदशिक रोजगार बोर्डले गरेको सम्झौता तत्काल खारेजीको माग गरेका छन् । बिहीबार संघ र महासंघले बोर्डका निर्देशक टिकाराम ढकाललाई छुट्टाछुट्टै अल्टिमेटम पत्र बुझाउँदै उक्त माग गरेका हुन् ।

महासंघले मलेसियासँगको उक्त सम्झौता खारेजीसँगै कामदारको योगदानबाट बनेको बोर्डको रकम अनेक शीर्षकमा जथाभावी खर्च गरेर गरिएको दुरुपयोग तत्कालै रोक्नुपर्ने माग गरेको छ ।

संघका अध्यक्ष राजेन्द्र भण्डारीले बोर्डका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेतीले व्यवसायीसँग छलफल गर्ने भनेर पटक-पटक समय दिएपनि छलफलको समयमा मोबाइल स्वीच अफ गरी बेपत्ता भएका कारण निर्देशक ढकाललाई अल्टिमेटम पत्र बुझाएको मध्यान्हलाई बताए । उनले छक्याउने र झुक्याउने शैली अपनाए बोर्डको सचिवालयमा तालाबन्दी गर्ने व्यवसायीको तयारी रहेको पनि उल्लेख गरे ।

बोर्डका कार्यकारी निर्देशक उप्रेतीसँग समय लिएर दुवै संस्थाका प्रतिनिधि बोर्ड सचिवालय बबरमहल पुगेका थिए । तर कार्यकारी निर्देशक उप्रेती उक्त समयमा कार्यकक्षमा थिएनन् । सोही समयमा कार्यकारी निर्देशक उप्रेतीको मोबाइलमा बोर्डका निर्देशक ढकाल र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट पटक-पटक सम्पर्क गर्दा मोबाइल स्वीच अफ रहेको थियो ।

बोर्डका कार्यकारी निर्देशक उप्रेती र मलेसियाको फरेन वर्कर्स वेलफेयर म्यानेजमेन्ट सेन्टर (एफडब्लुडब्लुएमसी) का सञ्चालक तानासिलिनबीच विवादास्पद सम्झौता

पृष्ठ २ मा

### रुस पठाउने भन्दै ठग्ने पक्राउ

**काठमाडौं/मस–** वैदेशिक रोजगारीका लागि युद्धग्रस्त मुलुक रुस पठाइदिन्छु भनि रकम ठगी गरेको उजुरीका आधारमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ। प्रहरीले कैलाली लम्कीचुहाका सरोज थापालाई पक्राउ गरेको हो ।

उनले मोहन साउदलाई मासिक एक लाख रुपैयाँ तलब हुने विश्वास दिलाएर वैदेशिक रोजगारीका लागि रुस पठाइदिन्छु भनि ७ लाख ३० हजार रुपैयाँ ठगी गरेको उजुरी परेको प्रहरीले बताएको छ । उनलाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको प्रहरीले बताएको छ ।

## शान्ति सुरक्षा

# आन्तरिक कारण नै चुनौती

कार्यवाहक प्रधानमन्त्री, गृहमन्त्री र सुरक्षा निकायका प्रमुखहरु नेपालको शान्ति सुरक्षामा आन्तरिक विषय मात्रै रहेको निष्कर्षमा पुगेका छन् । यस आधारमा रणनीति बनाएर अगाडि बढ्ने उनीहरुको निर्णय छ ।



जातीय, क्षेत्रीय तथा धार्मिक विषयसँग जोडिएका विभिन्न गतिविधिहरुले शान्ति सुरक्षामा नकारात्मक असर पार्न सक्छ । यसमा हामी सबै चनाखो हुनुपर्छ ।

**पूर्णबहादुर खड्का**
**कार्यवाहक प्रधानमन्त्री**

**शिव विक/मध्यान्ह**
काठमाडौं, ४ माघ ।

बिहीबार कार्यवाहक प्रधानमन्त्री पूर्णबहादुर खड्काको उपस्थितिमा उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ, मुख्य सचिव, प्रधानसेनापति, गृह सचिव, निमित्त रक्षा सचिव, नेपाल प्रहरीका प्रमुख, सशस्त्र प्रहरी प्रमुख र राष्ट्रिय अनुसन्धानका अतिरिक्त मुख्य अनुसन्धान निर्देशकबीच देशको सुरक्षास्थिति बारे छलफल भएको छ ।

सिंहदरवारस्थित रक्षा मन्त्रालयमा भएको छलफलमा कार्यवाहक प्रधानमन्त्री तथा रक्षामन्त्री खड्कालाई सहभागी पदाधिकारीहरूले आगामी माघ ११ गते हुने राष्ट्रिय सभा निर्वाचनको सुरक्षा तयारी र देशको समग्र शान्ति सुरक्षाको अवस्थाबारे जानकारी गराए । त्यस अवसरमा खड्काले आसन्न राष्ट्रिय सभा निर्वाचन समेतलाई ध्यानमा राखी शान्ति सुरक्षाको अवस्था दुरुस्त राख्न तथा भरपर्दो प्रबन्ध मिलाउन निर्देश गरे ।

राष्ट्रिय सभा निर्वाचनको सन्दर्भ पारेर भएको छलफलमा नेपालको शान्ति सुरक्षाको विषयमा समेत छलफल भएको छ । कार्यवाहक प्रधानमन्त्री गृहमन्त्री र सुरक्षा निकायका प्रमुखहरु नेपालको

पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
५ माघ २०८०, शुक्रबार
19 January 2024, Friday

# श्रममन्त्री भण्डारीद्वारा मौलिक बजार तथा भान्साघरको अवलोकन

**काठमाडौं/रासस-** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले स्वदेशी श्रमको सम्मान गरी मौलिक उत्पादनलाई प्राथमिकता दिनुपर्ने धारणा व्यक्त गरेका छन् । 'डिग फर नेपाल' नामक संस्थाद्वारा सञ्चालित काठमाडौंको कपनस्थित मौलिक बजार तथा भान्साघरको अवलोकन गर्दै श्रममन्त्री भण्डारीले स्थानीय उत्पादनलाई प्रवर्द्धन गरी स्वदेशमा रोजगारी सिर्जना गर्ने पक्षमा सरकार रहेको बताए ।



उद्यमशीलताको विकास गरी स्वदेशमै गरिखाने परिस्थिति सिर्जना गर्न आवश्यक नीतिगत व्यवस्था गरेको जानकारी दिँदै उनले भने, 'कृषि उत्पादनको बिक्री वितरणमा समेत बिचौलिया हाबी भएको भन्ने गुनासोलाई नीतिगत व्यवस्थासहित अन्त्य गरिनेछ, वास्तविक किसानले श्रमको मूल्य पाउनेछन्, उत्पादन र बिक्री वितरणसहित कृषितर्फको परनिर्भरता कम गर्ने पक्षमा क्रियाशील सरकारलाई साथ दिन सम्बद्ध सबैसँग अनुरोध गर्दछु ।'

डिग फर नेपालका महासचिव एवम् मौलिक बजार तथा भान्साघरका अवधारणाकार सुमन दाहालले मुलुकका ७ सय ५३ वटै पालिकाका विशेष उत्पादनलाई प्रवर्द्धन गर्ने लक्ष्यका साथ पढ्दै-कमाउँदै कार्यक्रमसहित स्थानीय उत्पादनको प्रवर्द्धन गर्ने र रोजगारीको वातावरण सिर्जना गर्ने गरी अभियान शुरु गरिएको जानकारी दिए ।

सो संस्थाका सल्लाहकार नारायणप्रसाद सिग्देलले गरिखाने पाठ्यक्रमसहित पढ्दै-कमाउँदै कार्यक्रम देशभर विस्तार गर्नुपर्नेमा जोड दिए । मौलिक बजारमा ७ सय ५३ वटै पालिकाका स्थानीय कृषि विशेष उत्पादन खरिद गर्न पाइने र मौलक भान्साघरमा स्थानीय कृषि फसलबाट तयार गरिएको ८४ व्यञ्जनको खाद्य परिकार पाइने उनले बताए ।

कर्णराज कटुवाल, कार्यसमिति सदस्य देवेन्द्र नारायण श्रेष्ठ, वैदेशिक रोजगार व्यवसायी तमुधी समाजका अध्यक्ष तीर्थ बहादुर गुरूङलगायत व्यवसायी बोर्ड सचिवालय पुगेका थिए ।

व्यवसायीहरूको सोही टोलीले साउदी भिसा सेवा केन्द्र र साउदी अरेबियामा रोजगारीका लागि जाने कामदारको बायोमेट्रिकका सम्बन्धमा रहेका समस्याको बारेमा श्रम मन्त्रालयको वैदेशिक रोजगार महाशाखाका प्रमुख सहसचिव राजीव पोखरेलसँग छलफल गरेको छ । साउदी भिसा सेन्टरले कामदारले मेडिकल गरी भिसा शुल्क तिरेपछि मात्रै क्युआर कोड सिर्जना हुने र त्यसको आधारमा बायोमेट्रिक गर्ने अव्यवहारिक व्यवस्था गरेको भन्दै व्यवसायीले शुरूमा सहज तरिकाले बायोमेट्रिक गरी अन्य प्रक्रिया शुरू गरिनुपर्ने माग गरेका छन् ।

कामदारले मेडिकल गरी भिसा शुल्क तिरेपछि मात्रै क्युआर कोड सिर्जना गरी बायोमेट्रिक गर्दा कम्तीमा काठमाडौंमा एक हप्ता कुर्नुपर्ने र त्यसबाट विपन्न कामदारलाई २५ हजार खर्च थप हुने व्यवसायीको भनाइ छ । उनीहरूले भिसा सेन्टरले दैनिक एक सय जना कामदारको बायोमेट्रिक गर्दा २ हजारदेखि २२ सय जनाको मात्र बायोमेट्रिक हुने र बाँकी कम्तीमा ६ हजारले बायोमेट्रिकको अवसर नै नपाउने गुनासो सहसचिव पोखरेलसँग गरेका छन् ।

## शान्ति...

शान्ति सुरक्षामा आन्तरिक विषय मात्रै रहेको निष्कर्ष रहेका छन् । यस आधारमा रणनीति बनाएर अगाडि उनीहरुको निर्णय छ ।

कार्यवाहक प्रधानमन्त्री पूर्णबहादुर खड्काले सुरक्षा बहुआयामिक विषय भएकाले त्यस कुरामा विशेष ध्यान दिन आग्रह गरे । साथै उनले अवसरमा जातीय, क्षेत्रीय तथा धार्मिक विषयसँग जोडिएका विभिन्न गतिविधिहरूले शान्ति सुरक्षामा पार्न सक्ने नकारात्मक असरबारे विशेष ध्यान दिन समेत निर्देश गरे ।

उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले देशको समग्र शान्ति सुरक्षाको स्थिति सामान्य भए तापनि विभिन्न तरिकाले संचालित गतिविधिहरुलाई ध्यानमा राखी शान्ति सुरक्षा कायम गर्ने कुरामा विशेष ध्यान दिन सुरक्षा निकायका प्रमुखहरुलाई निर्देश गरे ।

बैठकमा मुलुकको समग्र शान्ति सुरक्षा बारे समीक्षा गर्नुका साथै आगामी दिनमा चाल्नु पर्ने कदमहरुबारे छलफल भएको हो ।

बैठकमा सहभागी अधिकारीहरुका अनुसार समग्र शान्ति सुरक्षा नेपालको आन्तरिक विषयमै केन्द्रित रहेको निष्कर्ष छलफलले निकालेको हो ।

## अधैर्य...

रहेको अवस्थामा एमाले अध्यक्ष ओलीले गठबन्धन भत्याउने त्यो नभए आन्दोलन गर्ने अभिव्यक्ति दिएका हुन् ।

राजनीतिक विश्लेषक झलक सुवेदी संसदको दोस्रो दलले संसदबाटै भूमिका निर्वाह गर्नुपर्ने बताउँछन् । उनी भन्छन्, 'संसदको दोस्रो दलले भूमिका संसदबाटै देखाउनुपर्छ । अन्यथा बाहिर आन्दोलन गर्छु भन्नु सरकारमा नरहनुको अधैर्यताको विषय मात्रै देखिन जान्छ ।'

## टेरामक्स...

आवश्यकता र अहिलेको अवस्थावारे दृष्टिकोण पेश गर्न निर्देशन दिएको हो ।

समितिले मोवाइल डिभाइस म्यानेजमेन्ट सिस्टम एएमडीएमएस) र टेरामक्स प्रविधि खरिदकाबारेमा मन्त्रालयबाट भएका नीतिगतदेखि सबै निर्णयहरुको विवरण र कागजात पनि मन्त्रालयबाट माग गरेको छ ।

उसले मन्त्रालयकै सहसचिव गौरव गिरीको संयोजकत्वमा गठन भएको समितिले तयार पारेको एमडीएमएस छानबिन प्रतिवेदन समेत पेश गर्न निर्देशन दिने निर्णय गरेको छ ।

एमडीएमएस र टेरामक्स दुवै प्रविधि नेपाल दूरसञ्चार प्राधिकरणले खरिद गरेका हुन् । भन्सारबाट अनधिकृत रुपमा भित्रिने मोबाइल सेटहरुको अनुगमन र व्यवस्थापनका लागि एमडीएमएस प्रणाली खरिदको निर्णय भएको थियो । नेपालमा हुने कल बाइपास र राजस्व चुहावटको अनुगमनका लागि भन्दै टेरामक्स प्रणाली खरिदको निर्णय भएको हो ।

अनियमितताका कारण दुवै खरिदका निर्णय विवादमा परेका छन् ।

## बोर्डमा...

भएको सार्वजनिक भएपछि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले उक्त सम्झौता तत्काल कार्यान्वयन नगर्न निर्देशन दिएका थिए । तर मलेसियन कम्पनीसँग सम्झौता गरेको बोर्डले सम्झौता कार्यान्वयन स्थगन गर्ने निर्णय गरेको छैन ।

बोर्डको गत कात्तिक २१ गते बसेको बैठकले कल्याणकारी कार्यको लागि सम्झौता गर्ने अख्तियारी दिएको थियो । बोर्डका पदेन सदस्य रहेका संघका अध्यक्ष भण्डारीले बैठकमा उपस्थितहरूको हस्ताक्षर तोडमोड गरी निर्णय गरेको भन्दै सम्झौता तुरुन्तै खारेज हुनुपर्ने माग गरेका छन् । संघले सोही व्यहोराको ज्ञापनपत्र बोर्डमा बुझाएको छ ।

संघका सल्लाहकार विमल ढकालले बैठकको निर्णय पुस्तिकामा अध्यक्ष भण्डारीले हस्ताक्षर गरेर गल्ती गरेको भन्दै पदबाट राजीनामा दिएका छन् । तर अध्यक्ष भण्डारीले मलेसियाको निजी कम्पनीसँग सम्झौता गर्ने निर्देशको काम वैधानिक नभएको र झुक्याएर बोर्ड बैठकको सहमति लिएको भन्दै बोर्डले सम्झौता रद्द गर्नुपर्ने माग गरे ।

छलफलका लागि संघका तृतीय उपाध्यक्ष रोशन कटुवाल, महासचिव मेघनाथ भुर्तेल, सचिव

## अधिकृत वारेसनामा बदरको सूचना

म रत्नाखर शर्माको नाति, रविलाल शर्माको छोरा जिल्ला बाँके साविक उढरापुर गा.वि.स. वडा नं. २ को हाल परिवर्तित खजुरा गाउँपालिका वडा नं. ६ स्थायी वतन भई हाल वादी नेपाल सरकार र प्रतिवादी म केदारनाथ शर्मा र गिता शर्मा भएको ठगी तथा संगठित अपराध मुद्दामा कारागार कार्यालय रुपन्देहीबाट अड्डासार गरी कारागार कार्यालय धनगढी कैलालीमा थुनामा रहेको वर्ष ४८ को केदारनाथ शर्मा (ना.प्र.नं. २१७३९ जारी मिति २०५०/०८/०८ जि.प्र.का बाँके) तथा गिता शर्मा (ना.प्र.नं. ९८१५ जारी मिति २०४९/०६/०६ जि.प्र.का. बाँके) ले टीकादत्त ढुंगानाको नाति भोजराज ढुंगानाको छोरा जिल्ला उदयपुर साविक कटारी गा.वि.स. वडा नं. ८ को हाल परिवर्तित कटारी नगरपालिका वडा नं. ५ स्थायी बसोबास भई जिल्ला काठमाण्डौ का.म.न.पा. वडा नं. ७ सिफल बस्ने वर्ष ३५ को ऋषिराम ढुंगाना (ना.प्र.नं. १४१०३६/८४८०५ जारी मिति २०६४/०२/२४ इ.प्र.का. उदयपुर कटारी) लाई सम्मानित रुपन्देही जिल्ला अदालतबाट मिति २०८०/०७/२२ मा प्रमाणित गरिएको म समेतका नाउँमा रहेका कम्पनी तथा बैकहरुमा मेरा तर्फबाट फिराद दायर गर्न, दावी फिर्ता लिन लगायत अधिकृत वारेसका हैसियतले अड्डा अदालतमा गरिने अन्य सबै कानूनी काम कारवाही गर्न भन्ने ब्यहोरा उल्लेख गरी दिइएको अधिकृत वारेसनामा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५५९१०९ग० नं. बमोजिम आजकै मितिबाट लागु हुने गरी बदर गरिएको छ । तपाई वारेस ऋषिराम ढुंगानाले आजका मितिबाट उक्त अधिकृत वारेसनामामा उल्लिखित कुनै कार्य नगर्नु नगराउनु होला, यस सूचनाको विपरीत गई कुनै कार्य गरे गराएमा प्रचलित कानून बमोजिम कारवाही हुने छ । साथै उक्त अधिकृत वारेसनामासँग सम्बन्धित विषयमा निज वारेस ऋषिराम ढुंगानासँग कुनै कारोवार नगर्नु नगराउनु हुन समेत सम्बन्धित सबैका लागि यसै सूचना मार्फत अनुरोध छ ।

**हाल कारागार कार्यालय धनगढी कैलालीमा थुनामा रहेको**
**निज (केदारनाथ शर्मा, गिता शर्मा)**

लुम्बिनी प्रदेश सरकार
भौतिक पूर्वाधार बिकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
सडक पूर्वाधार विकास कार्यालय
कपिलवस्तु

## दरभाउपत्र स्वीकृत गर्ने आशयको सुचना

(प्रकाशित मिति:- २०८०/१०/०५)

यस कार्यालयबाट मिति २०८०/०९/०८ मा e-bidding मार्फत प्रकाशित सुचना अनुसार म्यादभित्र bolpatra.gov.np/egp मार्फत पेश हुन आएका दर भाउपत्रहरु मध्ये तपशिल बमोजिमका दरभाउपत्रहरु न्यूनतम मुल्याङ्कित सारभुतरुपमा प्रभावग्राही भई स्वीकृतको लागि छनौट भएको हुँदा सार्वजानिक खरिद नियमावली, २०६४ को नियम ८४ को उपनियम १० को प्रयोजनार्थ सम्बन्धित सबै दरभाउपत्रदाताहरुलाई जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

| सि. नं. | कार्यको विवरण | ठे.नं. | छनौट भएको दरभाउपत्रदाता | कबोल रकम (मु.अ.कर समेत) रु. |
|---|---|---|---|---|
| 1 | Chet bahadur Gha. Ma. ko ghar dekhi Krishna KC ko ghar samma Sadak, Buddhabhumi-09, Kapilvstu | RIDOKAP / 10134 / SQ / 080-81/61 | Puja Construction, Yashodhara -3 Kapilvastu | 12,73,478.59 |
| 2 | Dagdai dekhi Paschim Chauwa Jane bato,Vijayanagar-03, Kapilvastu | RIDOKAP / 10134 / SQ / 080-81/62 | Atal Construction, Maharajgunj-06 Kapilvastu | 6,97,402.33 |
| 3 | Dagdai Gaum ma nali nirman, Vijayanagar-03, Kapilvastu | RIDOKAP / 10134 / SQ / 080-81/63 | Radharoshan Nirman sewa Shivraj -1 Kapilvastu | 9,56,464.42 |
| 4 | Durgadevi Sing ko ghar dekhi Saldanda Sadak, Banganga-4, Kapilvastu | RIDOKAP / 10134 / SQ / 080-81/64 | Aryal Nirman Sewa, Kapilvastu -3 | 12,40,316.7 |
| 5 | Jagadishpur gaun ma Nali Nirman, Vijayanagar-03, Kapilvastu | RIDOKAP / 10134 / SQ /080-81/65 | Atal Construction, Maharajgunj-06 Kapilvastu | 6,87,137.63 |
| 6 | Jagadispur wada karyalaya purwa Ramnagarhihawa jane bato, Vijayanagar-03, Kapilvastu | RIDOKAP / 10134 / SQ / 080-81/66 | Maya nirmana sewa, Bijayanagar -4 Kapilvastu | 5,35,635.82 |
| 7 | Patthardeiya gaun ko Durgamandir dekhi Manpur jane sadak,Vijayanagar-03,Kapilvastu | RIDOKAP / 10134 / SQ / 080-81/67 | Maya nirmana sewa, Bijayanagar -4 Kapilvastu | 6,06,761.41 |


## KUWAIT मा रोजगार | कम्पनी : AL REEM INTERNATIONALFOR DELIVERING CONSUMER ORDERS.
शहर: KUWAIT

पुर्व स्वीकृत मितिः २०८०/१०/०४ चलानी नं.: ६०२१३१७९ L.T. No.: 298186

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Driver | 15 | 0 | स. काममा दक्ष | 135 | ५८,१९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ १२ गते (26 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

OMAMA MANPOWER PVT. LTD.
Gov. Lic. No. 1422/074/075
Sinamangal-9, Ekatatole, Hyundai Showroom Opposite, Kathmandu,
Tel: 458773, 4581383, Mob.: 9801054683,9801078894, 9805956422 9702046184. (9801054684 Only Whatsapp).
E-mail: omamamanpower1422@gmail.com.URL : www.omamamanpower.com

## UAE मा रोजगार | कम्पनी: DARBAR JEWELLERY TRADING LLC
शहर: UAE

पूर्व स्वीकृत मितिः २०८०/१०/०४ चलानी नं.: ६०२१३१८३ L.T. No.: 298195

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gold Smith | 9 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६५,०५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Marketing Manager | 1 | 0 | | 3000 | १०८,४२० | | | | | | | |
| 3. | Sales Assisstant | 1 | 2 | | 2000 | ७२,२८० | | | | | | | |
| 4. | Sales Supervisor | 1 | 0 | | 2500 | ९०,३५० | | | | | | | |
| 5. | Workshop Supervisor | 1 | 0 | | 2500 | ९०,३५० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ १२ गते (26 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

BRIGHT FUTURE HR SOLUTION PVT.LTD.
KMC-03, Basundhara, Kathmandu, Nepal.
नेपाल फोन नं.: ०१-५९१४६३२, फोन नं.: ९८०३७११६०५,९८१८०१२७०१
Email : cvsbrightfuturehrs@gmail.com

## मलेसियामा रोजगार | कम्पनी: PRESS METAL BINTULU SDN.BHD.
शहर: Malaysia, Sarawak

पूर्व स्वीकृत मितिः २०८०/१०/०४ चलानी नं.: ६०२१३१८२ LT. No.: 298190

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Production Operator | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ १२ गते (26 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

वर्ल्डवेज मेनपावर इंक प्रा. लि.
कोटेश्वर-३५, काठमाडौं, नेपाल, फोन नं. ४६०२३८६, ४६०१८६५
मोबाईल नं.: ९८०१०६२९८०, ९८५१०६९६८०
Email.:info@worldwaysmanpower.com.np | Web Site : worldwaysmanpower.com.np
श्रम इजाजत नं. ६१७/०६३/०६४

## Narayan Municipality
Dailekh
Karnali Province, Nepal

### Invitation for Bids

**Notice no: 05/080/081**
**(First Date of Publication: 2080/10/05)**

1. Narayan Municipality invites Online bids under e-procurement system from Nepalese eligible bidders for the following Construction work/procurement as shown in the table below under National Competitive Bidding/Sealed Quotation procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Narayan Municipality Dailekh, Mobile no: 9858050650/9858051221 and may visit Narayan website www.narayanmun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidding documents is available in online and can be downloaded from eGP system http://www.bolpatra.gov.np/egp. Interested bidder should register in the e-GP system and should deposit the cost given below of bidding document in the account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

**Name of the Bank** : **Rastriya Banijya Bank**
**Name of Office** : **Narayan Municipality Office, Dailekh**
**Office Code no.** : **60667404**
**Rajashow Account no.** : **4010100301010002**
**Dharauti Account no.** : **4010100303000002**

4. If the office happens to be closed on the date of opening of the bids as specified, The bids will be opened on the next working day at the same time and venue.
5. The Employ reserves the right to accept or reject ,wholly or partly all the bids without assigning the reason, whatsoever.
6. Bidders are advised to visit site and assess the actual site condition before submitting their bid.

| S. N. | IFB no. | Name of the Project | Cost Estimate (Without VAT and PS) | Bid Security Amount (NRS) | Bid Document FEE (NRS) | Last date of Bid Submission |
|---|---|---|---|---|---|---|
| 1 | NCB/NM/2080-081/ Works/11 | Dekendra chock, kusada to Shreethan Road improvement Work Narayan 2, Dailekh | 67,77,789.8 | 2,00,000 | 3000 | 2080/11/06 |
| 2 | SQ/NM/2080-081/ Works/12 | Ruchaldhara to Panipata Road Upgrading Project, ward no.2 | 16,90,186 | 50,000 | 1000 | 2080/10/21 |
| 3 | SQ/NM/2080-081/ Works/13 | Procurement of Sanitary Pad | 17,67,388 | 50,000 | 1000 | 2080/10/21 |

**Chief Admistrative Officer**

# सवारी ऐनमा एकरुपता कायम हुन्छ : मन्त्री ज्वाला



**काठमाडौं/मस–** भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले सवारी ऐन बनाउँदा संघीय, प्रदेश र स्थानीय सरकारबीच एकरुपता कायम गर्नका लागि गृहकार्य भइरहेको बताएका छन् ।

सवारी तथा यातायात सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदामा सरोकारवाला निकायसँग मन्त्रालयमा आयोजित छलफलमा मन्त्री ज्वालाले सडक दुर्घटनालाई न्यूनीकरण गर्न एकरुपता हुने गरी पहल भइरहेको बताए । मन्त्री ज्वालाले अब बन्ने ऐनमा एकरुपता ल्याउनका लागि प्रदेश सरकारसँग यस विषयमा तीन पटक बैठक बसिसकेको बताउँदै प्रदेश सरकारका यातायातमन्त्री र सचिवसँग थप छलफल गर्न यही माघ ७ गते बैठक राखेको जानकारी दिए ।

व्यवसायी र मजदुर संगठनको ड्राभिङ स्कुल खोल्ने प्रस्तावलाई ऐनमा व्यवस्था गरिएको बताउँदै उनले भने, 'ड्राइभिङ स्कुल वा कुनै संस्था स्थापना गर्ने गरी ऐनमा संशोधन गर्नेगरी हामीले तयारी थालेका छौँ ।' छलफलमा मन्त्रालयका सचिव केशव शर्माले फरक-फरक सरकारमा सवारी दर्ता हुने गरेकाले कति सवारी साधन अहिले सञ्चालनमा रहेको भन्ने अभिलेखसम्म सरकारसँग नभएको बताए । छलफलमा स्वरोजगार यातायात मजदुर संगठन, एकीकृत यातायात मजदुर संगठन, नेपाल यातायात स्वतन्त्र मजदुर संगठन, अखिल नेपाल मजदुर सङ्घ, नेपाल यातायात मजदुर संघका पदाधिकारी सहभागी थिए । छलफलमा नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ र नेपाल ट्रक यातायात व्यवसायी महासङ्घका पदाधिकारीको पनि सहभागिता थियो ।

छलफलमा व्यवसायी र मजदुर संघ, संगठनका पदाधिकारीले ऐनका कारण ठूलो समस्या झेलेको गुनासो गर्दै दक्ष चालक पाउन मुस्किल भएको, दक्ष चालकको अभावमा दुर्घटना बढ्न थालेकोमा चिन्ता व्यक्त गरे । मन्त्रालयले सवारी ऐन २०४९ संशोधन गर्न सरोकारवाला निकायसँग छलफल गरी सुझाव संकलन गरेको हो ।

# महानगरको फोहोर नयाँ तरिकाले व्यवस्थापन गर्दै बालेन

## भारतबाट आएको विज्ञ समूहले थाल्यो अध्ययन




**काठमाडौं/मस–** घरेलु फोहोरको दिगो समाधानका लागि काठमाडौं महानगरपालिकाले विज्ञ समूहबाट सामाजिक, आर्थिक तथा प्राविधिक अध्ययनको थालनी गरेको छ । यसका लागि भारतको इन्दोरबाट विज्ञ समूह काठमाडौं आएको छ ।

भारतको इन्दोर सहर फोहोर व्यवस्थापनका लागि नमुना मानिन्छ । त्यहीकारण इन्दोर नगर भारतको सफा सहरका रुपमा परिचित भएको छ। त्यस नगरले गरेका काम काठमाडौंसँगको सान्दर्भिकताबारे अध्ययन गराउन चाहेको महानगरपालिकाका पूर्वाधार सल्लाहकार सुनिल लम्सालले जानकारी दिए । इन्दोरबाट आएको विज्ञको टोली १ महिना काठमाडौंमै बसेर फोहोरको उत्पादन, प्रकृति, वर्गीकरण, संकलन, ढुवानी र अन्तिम व्यवस्थापनलाई विभिन्न कोणबाट अध्ययन गरेर ढाँचा सिफारिस गर्ने छ । हाल वडा न. १२, १८, १९, २०, २१, २२, २३, २४, २५ र २७ गरी १० वटा वडामा महानगरपालिकाले मात्र फोहोर संकलन गर्छ । यस्तै राजमार्ग, पार्क, मठमन्दिर तथा सार्वजनिक स्थलको सफाइ महानगरपालिकाका कर्मचारीले गर्ने गरेको छन् । यसबाट दैनिक करिब २४० मेट्रिक टन फोहोर महानगरपालिकाले ल्याण्डफिल साइटमा पुऱ्याउने गरेको छ । अन्य वडाहरुमा निजी क्षेत्रले फोहोर संकलन गरेर करिब ५ सय मेट्रिक टन फोहोर साइटमा पुऱ्याउने गर्छन् ।

# रौतहटबाट ५ महिनामा २८० फरार प्रतिवादी पक्राउ

**रौतहट/मस–** रौतहट प्रहरीले एक वर्षको अवधिमा विभिन्न अपराधमा संग्लन भइ फरार रहेका आठ सय जना अभियुक्तलाई पक्राउ गर्ने लक्ष्य लिएको छ । लामो समयदेखि फरारको सूचीमा रहेका र अदालतबाट दोषी ठहर भएका अभियुक्तहरुलाई जतिसक्दो चाँडो पक्राउ गर्ने लक्ष्य लिइएको रौतहट प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी उपरीक्षक महेन्द्र कुमार श्रेष्ठका अनुसार चालु आर्थिक वर्षको साउनदेखि पुस मसान्तसम्मा २ सय ८० जना फरार अभियुक्तलाई प्रहरीले पक्राउ गरेको छ । यस चालु आर्थिक बर्ष २०८०/८१ मा कम्तीमा आठ सय जनालाई पक्राउ गर्ने लक्ष्यसहित विशेष अभियान सञ्चालन गरिएको उनले जानकारी दिए । विभिन्न प्रकृतिका मुद्दामा संलग्न २ सय ८० जना फरार अभियुक्तलाई पक्राउ गरी कारबाहीको दायरामा ल्याइएको उनले बताए । अदालतले दोषी ठहर गरेपछि आ-आफ्नो घर छोडी रौतहटको विभिन्न स्थानमा लुकीछिपी बसेका तथा अन्य जिल्लामा समेत बसेका ती अभियुक्तहरुलाई पक्राउ गर्न प्रहरी सफल भएको उनको भनाइछ ।

# नमूना आवास निर्माणका लागि लाभग्राहीको नाम स्वीकृत

**तनहा/मस–** विपन्न वर्गका लागि घर निर्माण गर्न तनहुँको म्याग्दे गाउँपालिकाले लाभग्राहीको नाम स्वीकृत गरेको छ ।

आर्थिक वर्ष २०८०/८१ मा आर्थिकरूपमा विपन्न वर्गलाई नमूना आवास निर्माणका लागि गाउँपालिकाले १६ जना लाभग्राहीको नाम स्वीकृत गरेको हो । नमूना आवास निर्माण कार्यक्रम कार्यान्वयन समन्वय समितिको हालै बसेको बैठकले लाभग्राही छनोट गरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिए ।

संघीय सरकारको समपूरक कोष र गाउँपालिकाको साझेदारीमा विपन्नका लागि घर निर्माण गर्न लागिएको र यसका लागि समपूरक कोषबाट ५० लाख र गाउँपालिकाबाट ५० लाखगरी एक करोड व्यहोरिने उनको भनाइ थियो ।

प्रशासकीय अधिकृत अधिकारीले भने, 'गाउँपालिकाको चालु आर्थिक वर्षको वार्षिक स्वीकृत कार्यक्रम तथा नेपाल सरकारको समपूरक योजनाअन्तर्गत विपन्न वर्गलाई नमूना आवास घर बनाउन लागेका हौँ । त्यसका लागि लाभग्राही छनोट भएका छन् ।'

गाउँपालिकाको वडा नं १ देखि ७ सम्ममा रहेका लक्षित वर्गलाई नमूना आवास कार्यक्रम कार्यविधि, २०८० को दफा (३) बमोजिम मापदण्ड तथा सूचीभित्र योग्यता पुगेका स्थानीय नागरिकलाई मंसिर २७ गतेभित्र निवेदन पेस गर्न सूचित गरिएको थियो ।

प्राप्त निवेदनका आधारमा १६ जना लाभग्राही छनोट गरिएको र पाँच जनालाई वैकल्पिकमा राखिएको छ । ती १६ लाभग्राहीले जग्गाधनी पुर्जालगायत प्राविधिक तयारी पूरा गर्न नसके वैकल्पिक सूचीलाई प्राथमिकता दिने जनाइएको छ ।

# लागुऔषधसहित एक तथा विभिन्न मुद्दाका १० फरार प्रतिवादी पक्राउ

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, ५ माघ



उदयपुरमा लागुऔषधसहित एक जना र विभिन्न मुद्दाका फरार १० जना प्रतिवादी पक्राउ परेका छन् ।

अस्थायी प्रहरी चौकी चुहाडेबाट खटिएका प्रहरी टोलीले ३ गते त्रियुगा नगरपालिका -८ चुहाडेबाट एक जनालाई लागुऔषधसहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ ।

पक्राउ पर्नेमा धनकुटा जिल्ला धनकुटा नगरपालिका-४ बस्ने वर्ष २२ का रोशन श्रेष्ठ रहेको रहेको प्रहरीले जनाएको छ । श्रेष्ठको साथबाट फेनारगन १७, ब्रुपिनोर्फिन १७ र प्रोमेथाईजिन १७ गरी जम्मा ५१ एम्पुल लागुऔषध बरामद गरिएको प्रहरी स्रोतले जनाएको छ । पक्राउ परेका उनलाई जिल्ला अदालत उदयपुरबाट ७ दिनको म्याद थप गरी अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ ।

त्यसैगरी उदयपुरमा विभिन्न मुद्दाका १० जना फरार प्रतिवादी पक्राउ परेका छन् । चौदन्डीगढी नगरपालिका अन्तर्गत रहेको ईलाका प्रहरी कार्यालय बेल्टारबाट खटिएका प्रहरी टोलीले विभिन्न मुद्दाका १० जना फरार प्रतिवादी पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ । पक्राउ पर्नेहरूमा जिल्ला अदालत उदयपुरबाट सरकारी दस्तखत किर्ते मुद्दाको चौदन्डीगढी नगरपालिका -८ बस्ने वर्ष ३० का सन्तोष राई, जालसाजीमा सोही नगरपालिका ५ बस्ने वर्ष ७५ भिषण चौधरी, झुटो विवरण पेश गरी नागरिकता लिएको मुद्दामा सोही ठाउँ बस्ने वर्ष ३५ का तिलक राई, जुवा मुद्दामा सोही नगरपालिका ७ बस्ने वर्ष ४० का मानसिंह राई, गाली बेइज्जतीमा सोही नगरपालिका ९ बस्ने वर्ष ४२ का नारायण चौधरी, सम्बन्ध विच्छेद मुद्दामा सोही नगरपालिका ४ बस्ने ३८ वर्षीया सिला तामाङ, कुटपिट र लुटपाट मुद्दामा चौनपा -६ बस्ने वर्ष ३९ को सबहादुर राई, सोही नगरपालिका बस्ने सम्बन्ध विच्छेद मुद्दामा वर्ष ४५ मनहरी मगर, सोही मुद्दाका वर्ष ३३ का भक्त बहादुर थापा र गाली बेइज्जती मुद्दाका ३४ वर्षीया संगीता राई रहेका छन् । पक्राउ परेका उनीहरूलाई अदालत समक्ष बुझाइएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ ।


## मेगा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
लगनखेल-१९, इटिटोल, ललितपुर

### कर्जा चुक्ता गर्न आउने अन्तिम ७ दिने अत्यन्त जरूरी सूचना

यस सहकारीका देहायका निम्न बमोजिम कर्जा लिने ग्राहकले म्याद भित्र कर्जा चुक्ता नगरी लिखित तथा मौखिक तर(ताकेता गर्दा समेत कर्जा चुक्ता नभएकोले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस संस्थामा उपस्थित भई कर्जाको साँवा, ब्याज र अन्य दस्तुर चुक्ता भुक्तान गर्नु होला भनी ऋणी र धनजमानी सबैलाई सूचित गरिन्छ । अन्यथा ऐन कानुन तथा यस संस्थासँग भएको लिखतको आधारमा सहकारीको नियम र संस्थाको विनियममा उल्लेखित नियम अनुसार कारवाही गरी कालो सूचिमा समेत राखिनेछ । साथ साथै संस्थामा राखिएको सुरक्षण बापत धितोलाई लिलाम गरी असुल उपर गरिनेछ । धितोबाट पनि संस्थाको लेना रकम असुल उपर नभएमा ऋणी तथा जमानीकर्ताहरुको जायजेथा, घर घरना र चलअचल सम्पतिबाट असुल उपर गरिनेछ भनी सबैमा यो सूचना जानकारी गराइन्छ ।

| कर्जा शीर्षक: व्यवसायिक कर्जा | |
|---|---|
| **१ ऋणी तथा धितोको विवरण** | **ब्यक्तिगत जमानी दिनेको विवरण** |
| **नाम: उमा वानिया** <br>पतिको नाम: सिताराम वानिया<br>ससुराको नाम: जगत बहादुर वानिया<br>स्थायी ठेगाना: थानकोटमहादेवस्थान-४, काठमाण्डौं<br>हालको ठेगाना: थानकोटमहादेवस्थान-४, काठमाण्डौं<br>नागरिकता प्रमाणपत्र नं.: ३७५२,<br>जारि मिति: २०५७-११-०९, काठमाण्डौं | **नाम: सुरज खत्री** <br>बाबुको नाम: रोशन खत्री<br>वाजेको नाम: दल बहादुर खत्री<br>स्थायी ठेगाना: ललितपुर-०१<br>हालको ठेगाना: ललितपुर-०१<br>नागरिकता प्रमाणपत्र नं.-१६६६<br>जारी मिति: २०४१-०४-३२, ललितपुर |
| **धितो विवरण**<br>जगत बहादुर वानियाकी बुहारी, सिताराम वानियाकी पत्नी, श्रीमती उमा वानियाको नाममा रहेको जिल्ला काठमाण्डौं, थानकोवटमहादेवस्थान-४,स्थित कि.नं. ९३, क्षेत्रफल १-२-०-० (५७२.३३ व.मि.) जग्गा । | **नाम: बबिता खत्री** <br>बाबुको नाम: सिताराम वानिया<br>पतिको नाम: सुरज खत्री<br>स्थायी ठेगाना: ललितपुर-०१<br>हालको ठेगाना: ललितपुर-०१<br>नागरिकता प्रमाणपत्र नं.-८५६७७<br>जारी मिति: २०५३-११-२१, ललितपुर |


## Kumakh Rural Municipality
## Office of Rural Municipal Executive
**Karnali Province**
**Ragechaur, Salyan**

### Invitation for Bids

**Date of publication: 2080/10/05 ( 2024/01/19)**

**Invitation for Bids for the: Janta Ma Bi School Building Construction Work and Ward no. 2 ko barule dehi ward no. 1 ko milanchok samma motar bato Upgrading Works.**

Kumakh Rural Municipality Office, Salyan invites only electronic bids from Nepalese eligible bidders for the construction of below works under National Competitive Bidding procedures.

| S. No. | Contract No. | Description | Bid Security | Exclusive of VAT and Contingencies | Bid document Deposit fee NRs |
|---|---|---|---|---|---|
| 1 | KRM-NCB- W-11/2080/081 | Janta Ma Bi School Building Construction Work | 250000 | 4247847.51 | 3000 |
| 2 | KRM-NCB- W-12/2080/081 | Ward no. 2 ko barule dehi ward no. 1 ko milanchok samma motar bato Upgrading Works. | 57000 | 1983898.94 | 3000 |

1. Eligible Bidders may obtained further information & inspect the bidding document at Kumakh Rural Municipality, Office of Rural Municipal Executive, Ragechaur salyan. Phone : 9857844801, Email: ito.kumakh2073@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp.
2. Bidders may download the bidding document for e-submission from PPMO website www.bolpatra.gov.np/egp, Bidders submitting their bid electronically, should deposite NRs.**3000** for the cost of bidding document in the project Rajaswa(revenue) account as specified below and the scanned copy(pdf format) of the Bank deposite vouchar shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   Name of the Bank : **Himalayan Bank Ltd, Kumakh Branch**
   Name of Office : **Kumakh Rural Municipality, Ragechaur salyan**
   Rajaswa (revenue) Account No **:** 05907797630011
   Office Code : 305016001
   **Revenue Code Number: 14229**
3. Pre-Bid mitting shall not be held .
4. Electronic bids must be submitted to the office **Kumakh Rural Municipality** through PPMO website **www.bolpatra.gov.np/egp** on or before 12:00 Noon **2080/11/06** (18-02-2024) .Bids receive after this deadline will be rejected .
5. The bids will be opened in the presence of Bidder's representatives who choose to attend at 13:00 Hrs on **2080/11/06** (18-02-2024) at the Kumakh Rural Municipality Office, salyan . Bids must be valid for a period of **90 day's** and must be accompanied by a scanned copy of the bid security in pdf format ,amounting to a minimum of above bids security, which shall be valid for **30 day's** beyond the validity period of bid.
6. If the last date of purchasing or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**




मध्यान्ह
www.madhyanhadaily.com
५ माघ २०८०, शुक्रबार
19 January 2024, Friday

## सम्पादकीय

### मन्त्रीसँग सोधिएको गम्भीर प्रश्न

संसदीय भूमिकामा आफूलाई अब्बल सावित गरिरहेकी सांसद सुमना श्रेष्ठसहित राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का नेताहरूले गत मंगलबार संघीय सरकारका भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वालालाई भेटे । रास्वपाकी सांसदहरू सुमना, निशा डाँगी र पूर्वाधार विभाग सचिव कृष्ण भेटवालको टोलीले मन्त्री ज्वालासँग त्यो भेटमा महत्वपूर्ण प्रश्न र तथ्याङ्क प्रस्तुत गरेका छन् । उनीहरूले 'सडक दुर्घटनाबाट मान्छे मर्नु सरकारलाई सामान्य लाग्न थालेको हो ?' भन्ने जुन प्रश्न उठाए, जसको जवाफ संभवतः मन्त्री मात्रै नभएर प्रधानमन्त्रीसँग पनि छैन । पार्टी सहमहामन्त्री समेत रहेकी श्रेष्ठ र सचेतक डाँगी सहितको टोलीले एक वर्षभित्र (गत वर्ष मंसिरदेखि) १० हजार सात सय ४५ सडक दुर्घटना हुँदा ९१६ जनाको मृत्यु भएको तथ्याङ्क प्रस्तुत गरेको छ । यी दुर्घटनामा दुई हजार ७९१ जना घाइते भएको पनि उनीहरूले तथ्याङ्क प्रस्तुत गरे ।

नेपाल प्रहरीका अनुसार, दैनिक सडक दुर्घटनाबाट ६ जनाको औसत मृत्यु हुने र दैनिक ५४ सवारी दुर्घटना हुने गरेको छ । तर रास्वपाका सांसदहरूले सोधेझैं सडक दुर्घटनाबाट ज्यान गुमाउने र घाइतेहरूबारे सरकार गम्भीर देखिदैनन् । पछिल्लो समय सडक दुर्घटना न्यूनीकरणका निम्ति सचेतना कार्य समेत सरकारबाट भएको देखिदैन । एकातिर देशमा तीन तहको सरकार अस्तित्वमा रहनु अनि अर्कातिर सडक दुर्घटनाबाट जोगिन चेतनामुलक सन्देश लगभग शून्य बन्नु उल्टो परिदृष्य हो । किनकि सचेतनाले मात्रै पनि सुरक्षित यातायातका निम्ति सहयोग पुग्छ ।

जबकी माथि प्रस्तुत तथ्याङ्क आफैमा भयावह हो । मृत्यु हुनेको संख्या हजार नजिक छ भने घाइते हुनेको संख्या दोब्बर बढी छ । दुर्घटनामा परेकाहरूको परिवारको पीडा कुनै तथ्याङ्कमा समेट्न कठिन हुन्छ । यस्तो बेला सरकारले दुर्घटनामा परेका परिवारलाई सम्बोधन गर्ने नीतिगत निर्णय लिन सक्छ । त्यो भन्दा अगाडि दुर्घटना न्यूनीकरण गर्न सडक पूर्वाधारको अवस्थामा सुधार, सवारी चेकजाँचमा कडाईं, यात्रु संख्या र चालकको अवस्थाबारे बलियो निगरानी राख्नु सरकारको आधारभूत दायित्व हो । तर सडक दुर्घटनाबारे सरकार बेखबरझैं देखिदा रास्वपाका सांसदहरूले सोधेका प्रश्न आमनागरिकबाट समेत उठ्न आवश्यक देखिन्छ । यात्रु, चालक, प्रहरी प्रशासन र सवारी सञ्चालकले समेत आवश्यक ध्यान पुऱ्याउँदा दुर्घटना न्यूनीकरणमा सहयोग पुग्नेछ ।

# राजनीतिक दाउपेच र सदन

विचार



● जयन्ती देवी राई

मुलतः हामी कहाँ संसदीय अभ्यासको संस्थागत विकास भइसकेको छैन । नयाँ विषय सदनमा प्रवेश गऱ्यो भने प्रमुख प्रतिपक्षी दलले सदन चल्न नदिने परिपाटी पछिल्लो समय विकसित हुन थालेको छ । यसले गर्दा सदनमा आएका जनसरोकारका विषयलाई चाँडो सम्बोधन गर्न कठिन भइरहेको छ । एक वर्षको अभ्यासमा यो धेरै चल्यो सोही कारण विधेयकहरू निर्माण ओझेलमा पऱ्यो ।

राष्ट्रियसभाको मुख्य दायित्व विधेयक बनाउने र पारित गर्ने नै हो । जनजीविका र राष्ट्रिय सवाललाई पनि उठाउनुपर्ने बाध्यता छ । समग्ररूपमा सोचेअनुरुप गर्न नसकिए पनि केही न केही काम त भएकै छ । तर सदन सञ्चालन प्रक्रिया ठीक ढंगले भइरहेको छैन । गर्न सक्ने कुरा धेरै गरिएको छैन तर, पनि काम हुँदै नभएको भने होइन । प्रतिनिधिसभाले भन्दा राष्ट्रियसभाले धेरै कानून उत्पत्ति भएर पारित गरेको उदाहरण पनि छ । बन्न नसकेका विभिन्न कानूनको अध्ययन र समीक्षा पनि भएको छ । संघीयतालाई कसरी बलियो बनाउने भनेरै काम नभएका होइनन् तर, त्यतिमै सुन्तुष्ट हुने अवस्था छैन ।



सदन निरन्तर सञ्चालन नभएका कारण कानून निर्माण र जनताका सवाललाई प्रभावकारीरूपमा उठाउन सकिएको छैन । राजनीतिक दाउपेचका कारण कानून निर्माणको पाटो ओझेलमा परेको छ । राजनीतिक दलहरूबीच एकले अर्काको खुट्टा तान्ने प्रवृत्ति मौलायो देखिन्छ । यसले गर्दा कानून बनाउने कार्यले गति लिन सकेन । सांसद बढी विकासका काममा खटिनुपर्ने बाध्यता पनि छ ।

संघीय संसद्को मुख्य काम कानून बनाउने हो । तर, त्यो प्रभावकारी हुन सकिरहेको छैन । संघीय सरकारले कानून बनाएर स्थानीय सरकारलाई विकास निर्माणको जिम्मा दिनुपर्ने हो । अब यो कहाँ-कहाँ मिलिरहेको छैन । एउटा सांसदले पूरै फाइल बोकेर हिँडिरहनुपर्ने अहिलेको अवस्था छ । तथापि, राष्ट्रियसभामा आएका कतिपय विधेयक अड्किएको छैन । आएका विधेयकलाई कानूनी रूप दिन विलम्ब भएका छैन । राष्ट्रियसभामा आएका विधेयकलाई थन्क्याएर राखिएको छैन । हरेक कुरा सहमतिकै आधारमा अघि बढ्ने भएकाले तल्लो सदनमा जस्तो राजनीतिक दाउपेच बढी हुँदैन ।

सदनमा प्रतिपक्षीको प्रभावकारी भूमिका हुनुपर्छ । जति प्रतिपक्षीको प्रभावकारी भूमिका भयो त्यति नै संसद् र सरकारको भूमिका प्रभावकारी हुन्छ । त्यस्तो भएन, प्रतिपक्षले पनि राम्रोलाई राम्रो र गलतलाई गलत भन्न सक्नुपर्छ । अथवा यहाँ यो विषय गलत भएको छ सच्याउ है भन्नुपर्छ । समग्र जनताको हितमा छ भने त्यो खालको परिपाटी बसाल्नुपर्ने हो । तर, परम्परागत ढंगले चलिरहेको छ । सदन अवरुद्ध गराएर उठान गर्न नदिने अभ्यास छ । प्रतिपक्षको भूमिका पनि राम्रो देखिएन । यसलाई सच्याएर जानुपर्ने टड्कारो आवश्यकता छ । जस्तो राष्ट्रिय सरोकार र जनसरोकारका विषयमा यो भएको छैन, यस्ता कुरालाई समेट है भनेर खबरदारी गर्नुपर्नेमा सदन अवरुद्ध गरेर जनताको विषय प्रवेश गर्न नदिने परिपाटीले गलत अभ्यास भइरहेको छ ।

राम्रै काम गऱ्यो भने पनि यो सत्ताले गरेको भनेर विरोध गर्नुपर्ने । पटक-पटकको सदन अवरुद्धजस्ता गतिविधिले गर्दा सांसदको भूमिका प्रभावकारी बन्न सकेको छैन । राष्ट्रियसभाले विभिन्न विधेयक पारित गरेको छ । थाँती रहेका विधेयक चाँडो टुङ्गो लगाउन पहलकदमी गरेका छौं । सभामा आएका विधेयकलाई चाँडो पारित गर्न हामीले समय-समयमा सरकारलाई बोलाएर छलफल गरेका छौं ।

संसद्को बाँकी अवधिमा बनाउनुपर्ने कानून कति हो ? प्रदेश सरकारले कति कानून बनायो ? तत्काल बनाउनुपर्ने कानून कुन-कुन हुन् । बनेका कानून कति प्रभावकारी रहे र बनाउनुपर्ने कानून कुन र कति छन् वर्गीकरण गरेर पनि अध्ययन गरिएको छ, त्यसले देशभर सकारात्मक सन्देश दिएको छ । सरकारले कानून निर्माणलाई प्राथमिकता दिएर जनताका आवश्यकतालाई ध्यान दिनुपर्ने खाँचो छ ।

> *सदन निरन्तर सञ्चालन नभएका कारण कानून निर्माण र जनताका सवाललाई प्रभावकारीरूपमा उठाउन सकिएको छैन । राजनीतिक दाउपेचका कारण कानून निर्माणको पाटो ओझेलमा परेको छ । राजनीतिक दलहरूबीच एकले अर्काको खुट्टा तान्ने प्रवृत्ति मौलाएको देखिन्छ । यसले गर्दा कानून बनाउने कार्यले गति लिन सकेन ।*

### संघीयता कार्यान्वयनमा कानून

संघीयताको प्रभावकारी कार्यान्वयनका लागि चाँडो कानून बनाउनुपर्नेछ । तीन तहका सरकारबीच प्रभावकारी समन्वय जरुरी छ । संघीयतालाई बलियो बनाउन तीव्रगतिमा काम गर्नुपर्नेछ । कर्मचारी समायोजनदेखि अधिकार प्रत्यायोजनलगायत थुप्रै काम गर्न बाँकी छ । तीन तहकै सरकारमा अनेक किसिमका समस्या आइरहेको छ । स्थानीय तहले काम गर्न चासो देखाए तर, वनसम्बन्धी ऐन बाँझिएको, स्रोत साधनको अधिकार र जिम्मेवारीको स्पष्टता नहुनु तथा कतिपय राष्ट्रिय गौरवका आयोजनाले पनि गति लिनसकेका छैनन् ।

कर्मचारी समायोजनदेखि स्थानीय तहलाई सक्रिय बनाउनुजस्ता मुख्य चुनौतीलाई ध्यान दिएर सरकारले सहजीकरण र व्यवस्थापनको कामलाई प्राथमिकता दिनुपर्छ । तत्काल कानून बनाएर कर्मचारी समायोजन गर्ने, सेना र प्रहरीलाई कति अधिकार दिनेजस्ता विषयमा बढी केन्द्रित हुनुपर्नेछ । राष्ट्रियसभाले तुलनात्मकरूपमा गर्नुपर्ने काम गरेको देखिन्छ । विभिन्न कठिनाइका बाबजुद पनि ७० प्रतिशत काम भएको छ । राष्ट्रियसभामा सांसदहरुले पनि राम्रो अभ्यास गर्न पाएका छन् । विषयवस्तु स्पष्ट राखेका छन् । सभामा बोल्ने र जनताका कुरा उठाउने र सरकारलाई सुझाव दिने कुरामा कुनै कन्जुस्याइँ गरिएको देखिन्न ।

भूकम्पबाट प्रभावितको राहत र पुनर्स्थापनाको कामलाई प्रभावकारी बनाउन जरुरी छ । नेपालप्रति अन्तर्राष्ट्रिय चासो बढिरहेको छ । सन्तुलित र संयमित ढंगले कूटनीतिक भूमिका निर्वाह गर्न जरुरी छ ।

सदन चाँडो सञ्चालन गरेर जनताको कुरा जनप्रतिनिधिले सदनमा उठाउने वातावरण बनाइनुपर्छ । समयसान्दर्भिक विषयमा सहमति जुटाएर अघि बढ्नुपर्छ । भ्रष्टाचार नियन्त्रण गर्नेजस्ता विषयमा राष्ट्रिय सहमतिका साथ अघि बढ्नुपर्छ । भूकम्प प्रभावित जनताको अस्थायी आवासको काम सुस्तगतिमा भइरहेको छ । चिसोबाट जनतालाई जोगाउन पूर्वतयारीका कामलाई ध्यान दिनुपर्ने आवश्यकता छ ।

सरकारले सदनलाई 'बिजनेस' दिनुपऱ्यो । सांसदले कानूनसहित जनताका तात्कालिक आवश्यकतालाई सरकारसँग पुलका रूपमा भूमिका खेल्नुपर्ने अपरिहार्यता र जिम्मेवारी पनि हो । सदन चलेर जनताका कुरा राख्ने र उनीहरूको आवश्यकता पूरा गर्नेतर्फ हामीहरू सक्रिय हुनैपर्छ । जनताको कुरा उजागर गर्ने सदन नै हो । सदन लामो समयसम्म बन्द हुँदा बाहिर नराम्रो सन्देश गइरहेको छ ।

### जनताको समस्याप्रति सचेत छौं

आगामी दिनमा सदनको भूमिकालाई प्रभावकारी बनाउन सत्तापक्ष र प्रतिपक्षभन्दा पनि कस्ता विषय र सवाल आएका छन्, तिनको सान्दर्भिकतालाई हेरेर सहमतिका आधारमै समाधान गरिनुपर्छ । जनताको तत्कालै गर्नुपर्ने काम समयमा गर्न सदन लामो समय रोकिनु हुँदैन । जनताको कुरा गर्ने मुख्य थलो संसद् भएकाले यसलाई नियमित स्वच्छ र स्वस्थ ढंगले सञ्चालनको सुनिश्चितता हुन जरुरी छ ।

जनताको समस्याप्रति हामी अत्यन्तै सकारात्मक छौं । जनताले पनि कुनै लहड र भावनामा नबगी नकारात्मकभन्दा पनि यथार्थमा संयमित भएर आफ्ना विषयलाई व्यवस्थित ढंगले उठाउने र सम्बन्धित निकायमा लैजाने गर्नुपर्छ । अहिले सामाजिक सञ्जालमा नकारात्मक धारणा बनाउन उद्यत गराउने, नागरिक समाजलगायत समुदायले पनि नकारात्मक टिप्पणी गर्ने प्रचलन बढेको छ । जनता अहिले सकारात्मकभन्दा पनि नकारात्मक बहकाउमा लाग्ने अवस्था आउनुमा राजनीतिक दलको पनि दोष छ । तर, सधैं नकारात्मक होइन रचनात्मक ढंगले विषय सदन र सरकारसमक्ष पुऱ्याउने वातावरण बनाउन जनता र जनप्रतिनिधि अनि सरकारको उत्तिकै भूमिका अपरिहार्य छ ।

***(नेकपा (एकीकृत समाजवादी)की उपाध्यक्ष एवम् सांसद राईसाग राससका सिबी अधिकारीले गरेको कुराकानीको सम्पादित रूप ।)***

## सामाजिक सञ्जाल



**- सेतेमान तामाङ**

रवि लामिछानेको राजनीतिक भविष्य जिवि राईको १५/२० सेकेण्डको बोलीमा छ । उनले गोरखा मिडियाको स्वामित्व वा संलग्नतामा रविको छैन, मेरो मात्रै भन्यो भने राजनीति जोगियो । होइन, हामी मिलेर खोलेको हो म अध्यक्ष थिए, ऊ प्रबन्धक निर्देशक भन्यो भने भुसमा आगो लाग्यो । विचरा, जिविको बोलीमा राजनीतिक !



**- रञ्जित तामाङ**

